# स्थानीय राजपत्र

छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

**खण्ड: ४) छत्रकोट गाउँपालिका, मिति: २०७७/०९/०६ (संख्या: ७**


## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

### २०७७ सालको कार्यविधि नं. ७

### कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०९।०३

गाउँसभाबाट अनुमोदन मिति : २०७७।०९।०६

छत्रकोट गाउँपालिकाको कृषि व्यवसायको प्रवद्धन गर्नका लागि कृषकलाई आर्थिक सहयोगद्वारा प्रोत्साहन गर्ने कार्यक्रमलाई व्यवस्थीत गर्न व्यञ्छनीय भएकाले कृषक पेन्सन (प्रोत्साहन भत्ता) ऐन, २०७५ को परिच्छेद ३ को दफा ९ बमोजिम र छत्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को

दफा ४ बमोजिम छत्रकोट गाउँ कार्यपालिकाले यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद-१

१. **पृष्ठभुमि** : कृषि तथा पशुपक्षि.विकासका लागि कृषि तथा पशुपक्षि जन्य बस्तुको उत्पादकत्व बृद्धि गर्नेगरी यस छत्रकोट गाउँपालिकाका सबै वडाहरुमा उत्पादनका संभाव्यताका आधारमा विभिन्न कृषि तथा पशुपक्षि पकेट क्षेत्र निर्माण भै रहेको छ । कृषि तथा पशुपक्षिका क्षेत्रमा आत्मनिर्भर हुने रासायनिक विषादी रहित कृषि उत्पादन गरी बजारमा प्रतिस्पर्धात्मक रुपमा अगाडि बढ्ने गरी कार्यक्रमहरु संचालन हुदै आईरहेको अवस्थामा यस छत्रकोट गाउँपालिकाले खाद्यान्न बाली तरकारी, फलफुल, मौरीपालन, पशुपालन, पक्षिंपालन च्याउ व्यावसाय, ग्रिन हाउस निर्माण, सिचांई जस्ता कार्यक्रम सञ्चालन गर्नुका साथै आत्मनिर्भरका कृषि जन्य उत्पादनलाई निर्यात गर्ने अवस्थामा समेत आईपुगेको अवस्थामा छ ।

२. **कार्यविधिको औचित्यता** : नेपाल एक कृषि प्रधान देश हो । कृषि व्यवसाय प्रतिको घट्दो आर्कषणलाई क्रमश बृद्धि गर्दै कृषि तथा पशुपक्षिको उत्पादन वृद्धि गरी यस छत्रकोट गाउँपालिकाले कृषि पेशालाई मर्यादित बनाई ताजा तथा स्वस्थ वालि तथा पशु उत्पादन गरी कृषकको जीवनस्तर माथि उठाउनको लागि यो कार्यविधि तयार गरिएको हो । कृषि क्षेत्रमा विनीयोजित बजेटलाई कृषि पेशामा लाग्न उत्प्रेरित गर्दै परम्परागत खेति प्रणालिबाट ब्यावसायिक कृषक बनाउदै लैजानको लागि कृषकलाई प्रोत्साहित गर्न “कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) कार्यक्रम सञ्चालन कार्यविधि,” २०७७ तयार गरिएको हो ।

**३. प्रारम्भिक :**

१. यो कार्यविधिको नाम **"**कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) कार्यक्रम सञ्चालन कार्यविधि**,"** २०७७ रहेको छ ।

२. यो कार्यविधि छत्रकोट गाउँपालिका गाउँकार्यपालिबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाउँपालिका भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्दछ ।

ख) कार्यालय भन्नाले छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग) शाखा भन्नाले छत्रकोट गाउँपालिकाको कृषि तथा पशु शाखालाई सम्झनु पर्दछ ।

घ) वडा भन्नाले छत्रकोट गाउँपालिका अर्न्तगत सबै वडाहरु सम्झनु पर्दछ ।

ङ) प्राविधिक भन्नाले कार्यलयमा कार्यरत वा कृषि तथा पशु विकास शाखावाट खटाईएको सम्वन्धित प्राविधिक सम्झनु पर्दछ ।

च) सहकारी भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रम समावेश भएको सहकारी संस्थालाई सम्झनु पर्नेछ ।

छ) कृषक भन्नाले कृषि पेशामा लागेका र संस्थागत हिसाबले कृषि कार्यक्रम संचालन गर्ने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ ।

ज) अनुदान भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनु पर्दछ । सो

शब्दले अनुसूची १,अनुसूची २, र अनुसूची ३ मध्ये कुनै मापदण्ड पुरा गरेको हुनुपर्ने छ ।

झ) प्रस्तावक भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्नका लागि वा उत्पादन गर्ने प्रयोजनका लागि प्राविधिक सहयोग आवश्यक पर्ने कृषक, व्यावसायिक कृषि फार्म, कृषक समुह, कृषि सहकारी, निजि फर्म, उद्यमि सम्झनु पर्दछ ।

ञ) कार्यविधि भन्नाले कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

ट) समिति भन्नाले छत्रकोट गाउँपालिकाको कृषि व्यवसाय प्रबद्धन समिति सम्झनु पर्दछ ।

ठ) लगानी रकम भन्नाले कार्यक्रम संझौतामा उल्लेख भए अनुसारको अनुदान र प्रस्तावकले व्यहोर्ने रकम समेत गरी कुल लगानी सम्झनु पर्दछ ।

ड) श्रमदान भन्नाले प्रस्तावक वा सेवा ग्राहिले कार्यक्रम संचालनमा गर्ने अभिलिखित श्रमलाई सम्झनु पर्दछ ।

ढं) मागमा आधारित अनुदान कार्यक्रम भन्नाले प्रस्तावकको माग स्वीकृतिका आधारमा दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

**यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।**

१. व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक विकास हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्दै समृद्ध कृषक बन्ने ।

२. कृषिमा यान्त्रिकिकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने ।

३. व्यवसायिक कृषि प्रणालीबाट प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

४. प्राविधिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण सर्म्बद्धन एवं सदुपयोग गर्ने ।

५. छत्रकोट गाउँपालिकालाई कृषि र पशु क्षेत्रको उत्पादनमा आत्मनिर्भर भई निर्यात गर्ने ।

६. व्यवसायिक कृषि तथा पशुपक्षिं कार्यक्रम मार्फत **समृद्ध छत्रकोट, सुखी छत्रकोटबासी** को लक्ष्य प्राप्ति गर्ने ।

## परिच्छेद-२

### ४. कार्यान्वयन प्रक्रिया :

१. नयाँ प्रविधि तथा दिगो कृषि विकासमा आधारित रहि तालिम, गोष्ठी, अवलोकन भ्रमण कार्यक्रम संचालन गर्न सकिनेछ ।

२. व्यावसायिक कृषकहरुको अवस्था, कार्यतरिका तथा उत्पादन र बजारीकरण समेतको अनुगमन निरीक्षण गरी छनोट गरीनेछ ।

३. अनुसूची १,अनुसूची २, अनुसूची ३, अनुरुप कृषकहरुको वर्गिकरणका आधारमा कृषकको वर्गिकरण गरीनेछ ।।

५. निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालय र गाउँपालिका कृषि तथा पशु शाखाबाट प्राप्त गर्न सकिन्छ ।

७. गाउँपालिकाभित्र रहेका कृषक समुह, कृषि सहकारी, व्यवसायिक कृषि तथा पशुपक्षि फर्म तथा कृषि तथा पशुपक्षिं पेशा सगँ सम्बन्धित तथ्यांक संकलन एवं

अभिलेखिकरण कार्यक्रम पशु तथा कृषि शाखाले फिल्ड अनुगमन गरी यो कार्यक्रम सञ्चालन गर्नेछ ।

८. फिल्ड अनुगमन बाट प्राप्त तथ्यांक कृषि विकासमा **हिजो र आज के फरक** भयो त्यसको प्रभावकारीता अध्ययन गर्न एक विज्ञ सहितको समिति हुनेछ ।

९. संकलित तथ्यांकहरुको आधारमा **कृषि तथा पशुपक्षि तथ्यांक पुस्तिका** तयार गरिनेछ ।

११. कृषि तथा पशुपक्षिंका कार्यक्रममा संघीय सरकार, प्रदेश सरकार, तथा विभिन्न संघ संस्थाले दिने अनुदान रकम समेत समावेश गर्न सकिनेछ ।

१३ कृषि तथा पशुपक्षि कार्यक्रमहरु **के पाईन्छ होईन के चाहिन्छ** भन्ने नीतिमा आधारीत रहि संचालन गरिनेछ ।

## परिच्छेद-३

### ५. समिति सम्वन्धी व्यवस्थाः

१) छत्रकोट गाउँपालिकाको कृषक पेन्सन (कृषक प्रोत्साहन भत्ता) ऐन, २०७५ को **परिच्छेद ३ को दफा ७ बमोजिम छनौट समिति निम्न बमोजिम रहनेछ ।**

क) छत्रकोट गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख) सम्बन्धित समितिको संयोजक - सदस्य

ग) महिला सदस्यहरु मध्येबाट गाउँपालिकाले तोकेको एक जना महिला - सदस्य

घ) गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ङ) कृषि शाखाको प्रमुख - सदस्य सचिव

२) **अनुगमन समिति देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।**

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) सम्बन्धीत वडाका वडा अध्यक्ष - सदस्य

ग) योजना शाखा प्रमुख - सदस्य

घ) कृषि वा पशुशाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद-४

**६. कृषकहरुको वर्गिकरण सम्वन्धमाः** कृषि तथा पशुपक्षिं जन्य वस्तुहरुको कारोवारको खुद बचतको आधारमा क, ख, ग वर्गमा वर्गिकरण गरिनेछ । जुन अनुसूची १,२,र ३ बमोजिम कृषि तथा पशुपक्षिंको आम्दानीको अनुपात मध्ये कुनै एक कृषि तथा पशुपक्षिं अनिवार्य हुनुपर्नेछ र अन्य कृषि तथा पशुपक्षिंको हकमा प्राविधिकबाट मापदण्ड पुरा गरेकोलाई मूल्याकंनको आधारमा समावेश गरिनेछ ।

१. **क वर्गको कृषकको हकमा** – नासु स्तरको वार्षिक आम्दानी

**२. ख वर्गको कृषकको हकमा** – २,४०,०००। वार्षिक आम्दानी

३. **ग वर्गको कृषकको हकमा** – ६०,०००। वार्षिक आम्दानी

**७. परिचय पत्र :** व्यावसायीक कृषकहरुको हकमा माथिको मापदण्ड पुरा गरेका कृषहरुलाई परिचय पत्र उपलब्ध गराईनेछ ।

१. क वर्गको कृषक – हरियो

२. ख वर्गको कृषक –निलो

३. ग वर्गको कृषक – पहेंलो

## परिच्छेद-५

८. **भुक्तानी प्रकृया :** दफा (६) बमोजिमको मापदण्ड पुरा भई मुल्याकंन गरी आएका कृषकहरुलाई (कृषक प्रोत्सान भत्ता) लागि निम्न बमोजिमका कागजपत्र समावेश गरेको हुनु पर्ने छ ।

१) कार्यक्रम संचालन गरी प्राविधिकको मुल्यांकन,

२) वडा कार्यालयको सिफारिस,

३) अनुगमन समितिको अनुगमनको रिर्पोट,

४) स्थलगत फोटो,

५) पसलको विल भरपाई पेश गर्नुपर्नेछ ।

६) मापदण्ड पुरा नगरेका कृषकलाई कृषक कृषक पेन्सन ( कृषक प्रोत्साहन भत्ता) उपलब्ध गराईने छैन् ।

८) ७० वर्ष सम्मका कृषकलाई मात्र यो सुविधा उपलब्ध हुनेछ ।

९) संयुक्त परिवारको हकमा एक जनालाई मात्र यो सुविधा उपलब्ध गराईनेछ ।

१०) ७० वर्ष नाघिसके पछि पनि पेशालाई निरन्तरता दिने परिवारको हकमा अन्य सदस्यले समेत सहयोग तथा पेशालाई अगाडी बढाउदै लगेमा पनि परिवारका अन्य सदस्यलाई समेत यो सुविधा दिन कुनै वाधा पर्ने छैन् ।

११) उमेर पुगेका कृषकलाई सम्मान गरीनेछ ।

## परिच्छेद-६

## विविध

**९.** कृषक पेन्सन (प्रोत्साहन भत्ता) ६/६ महिनामा, आर्थिक ऐन, नियमावली अनुसार उपलब्ध गराईनेछ ।

**१०.** प्रत्येक वर्ष उत्पादन र आम्दानीको मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

**११. बाधा अड्कन फुकाउ** : यस कार्यविधिको अन्तिम व्यवस्था एवं बाधा अड्काउ फुकाउने कार्य छत्रकोट गाउँपालिकाले गर्ने छ ।

**१२. परिमार्जन तथा संशोधन** :

क) वर्गिकृत कृषकहरुको आम्दानी मुल्यांकन गर्ने स्पष्ट मापदण्ड बनाईने छ ।

ख) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्ने छ ।

## अनुसुची-१

**१.** **(क) वर्गका कृषका** लागि पशुपक्षिको हकमां निम्न बमोजिमका उत्पादन हुनुपर्नेछ ।

| पशुपक्षिं | उत्पादन | कैफियत |
|---|---|---|
| गाई /भैसि | ५ | माउ |
| बाख्रा | २५ | माउ |
| वंगुर | १० | माउ |
| कुखुरा वोईलर तथा यस्तै प्रजाति | ५०० | |
| मौरी घार | २० | मौरी सहित |
| टर्कि | १०० | |
| स्थानीय कुखुरा तथा हाँस | २५० | |

२. **(क) वर्गको कृषिको** हकमा निम्न बमोजिमका उत्पादन हुनुपर्नेछ ।

| **कृषि** | **उत्पादन** | **कैफियत** |
|---|---|---|
| कागती/सुन्तला, अमिलो, आप, लिचि जाति | १०० बोट | उत्पादन दिने |
| तरकारी टनेल | १० वटा | कृषि उत्पादन सहित |
| च्याउ घर टनेल | ५ वटा | (लः २२ फुट, चौ : १४ फुट) |
| विज बृद्धि | ५ रोपनी | |
| कफि | ५ रोपनी | |
| उखू | १० रोपनी | |
| खाद्यान्न | २५ रोपनी | |
| केरा भुईकटर वा यस प्रकृती | १००० बोट | |

## अनुसूची-२

३. (**ख) वर्गको** लागि पशुपक्षिको हकमां निम्न बमोजिमका उत्पादन हुनुपर्नेछ ।

| पशुपक्षिं | उत्पादन | कैफियत |
|---|---|---|
| गाई /भैसि | ४ | माउ |
| बाख्रा | १५ | माउ |
| वंगुर | ७ | माउ |
| कुखुरा वोईलर प्रजाति | ३०० | |
| मौरी घार | १५ | मौरी सहित |
| टर्कि | ७५ | |
| स्थानीय कुखुरा तथा हाँस | १५० | |

४. **(ख) वर्गको** लागि कृषिको हकमां निम्न बमोजिमका उत्पादन हुनुपर्नेछ ।

| **कृषि** | **उत्पादन** | **कैफियत** |
|---|---|---|
| कागती/सुन्तला, अमिलो, आप, लिचि जाति | ७० बोट | उत्पादन दिने |
| तरकारी टनेल | ७ वटा | कृषि उत्पादन सहित (लः२२ फुट,चौ : १४ फुट) |
| च्याउ घर टनेल | ३ वटा | (लः २२ फुट,चौ : १४ फुट) |
| विज बृद्धि | ३ रोपनी | |

| **कृषि** | **उत्पादन** | **कैफियत** |
|---|---|---|
| कफि | ३ रोपनी | |
| उखु | ७ रोपनी | |
| खाद्यान्न | २० रोपनी | |
| केरा भुईकटर वा यस प्रकृती | ७०० बोट | |

## अनुसूची-३

५. (**ग) वर्गको** लागि पशुपक्षिको हकमा निम्न बमोजिमका उत्पादन हुनुपर्नेछ ।

| **पशुपक्षिं** | **उत्पादन** | **कैफियत** |
|---|---|---|
| गाई /भैसि | ३ | माउ |
| बाखा | १० | माउ |
| वंगुर | ५ | माउ |
| कुखुरा वोईलर प्रजाति | २०० | |
| मौरी घार | १० | मौरी सहित |
| टर्कि | ५० | |
| स्थानीय कुखुरा तथा हाँस | १०० | |

६. **(ग) वर्गको** अनुदान कार्यक्रमको लागि कृषिको हकमां निम्न बमोजिमका उत्पादन हुनुपर्नेछ ।

| **कृषि** | **उत्पादन** | **कैफियत** |
|---|---|---|
| कागती/सुन्तला, अमिलो, आप, लिचि जाति | ५० बोट | उत्पादन दिने |
| तरकारी टनेल | ५ वटा | कृषि उत्पादन सहित (लः२२ फुट,चौ : १४ फुट) |
| च्याउ घर टनेल | २ वटा | (लः२२ फुट,चौ : १४ फुट) |
| विज बृद्धि | २ रोपनी | |
| कफि | २ रोपनी | |
| उखू | २ रोपनी | |
| खाद्यान्न | ५ रोपनी | |
| केरा भुईकटर वा यस प्रकृती | ५०० बोट | |

प्रमाणिकरण मितिः २०७७।०९।०६

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत